पूर्वाञ्चल विश्वविद्यालय

परीक्षा व्यवस्थापन कार्यालय

विराटनगर, नेपाल

फोन: ०२१-४६५२४०
इमेल: puoemgt@puexam.edu.np
वेवसाइट: www.puexam.edu.np

प.सं.: ०८३।०८४
च.नं.: २९८

मिति: वि.सं. २०८३/०६/१२
इ.सं. २०२६/०९/२८

श्री क्याम्पस प्रमुखज्यू,

पू.वि. स्कुल अफ मेडिसिन
गोठगाउँ, मोरङ्ग ।

विषयः नाम-दर्ता (Registration) बारे ।

यस विश्वविद्यालयद्वारा शैक्षिक वर्ष २०८३/८४ (इ.सं. २०२६ समूह)का लागि तपसिलमा उल्लेखित संकाय अन्तर्गत शैक्षिक कार्यक्रममा प्रवेश लिएका विद्यार्थीहरूको विश्वविद्यालयमा नाम-दर्ता (Registration) गर्न गराउन रजिस्ट्रेशन फर्म भर्ने भराउने सम्बन्धी निर्देशिका अनुसार मिति २०८३/०६/१९ (इ.सं. २०२६/१०/०५) गते भित्र सम्बन्धित विद्यार्थीहरूबाट तोकिएको रजिस्ट्रेशन फर्म भराई मिति २०८३/०६/२० (इ.सं. २०२६/१०/०६) सम्म यस कार्यालयद्वारा तोकिएको Online Website मार्फत विद्यार्थीहरूको विवरण भरी तथा उक्त निर्देशिकामा उल्लेखित प्रमाण-पत्रहरू र आवश्यक शुल्कको बैंक भौचरसहित निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउन हुन जानकारी गराउँदछु ।

तोकिएको समयभित्र रजिस्ट्रेशन फर्म भर्न भराउन छुट भएका विद्यार्थीको नियमानुसार लाग्ने शुल्कको दोब्बर दस्तुर सहित मिति २०८३/०६/२३ (इ.सं. २०२६/१०/०९) गते भित्र उपरोक्तानुसार (Online समेत) रजिस्ट्रेशन फर्म भरी भराई जम्मा हुन आएको रकमको बैंक भौचरसाथ उक्त रजिस्ट्रेशन फर्म(हरू) निर्देशिकामा उल्लेखित माध्यमबाट यस कार्यालयमा बुझाउनु पर्ने छ ।

नोटः रजिस्ट्रेशन फर्महरू यसै पू.वि., परीक्षा व्यवस्थापन कार्यालय तथा सूर्यविनायक नगरपालिका- ५, कटुञ्जे, भक्तपुर स्थित पू.वि., परीक्षा व्यवस्थापन इकाइ कार्यालय मार्फत उपलब्ध गराइने छ ।

साथै, माथि उल्लेखित निर्देशिका यस परीक्षा व्यवस्थापन कार्यालयको website (www.puexam.edu.np) मार्फत् उपलब्ध गर्न सकिने छ ।

तथा, रजिस्ट्रेशन फर्महरू समेत सोही website बाट download गरी प्रयोग गर्न सकिने छ ।

तपसिल

संकाय	तह	शैक्षिक समूह (इ.सं.)	परीक्षा प्रणाली	टिप्पणी
चिकित्साशास्त्र	स्नातक	२०२६	वार्षिक	MBBS

.....
प्रा. बालेन्दु हमाल
(परीक्षा नियन्त्रक)